लुम्बिनी प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
राप्ती उपत्यका (देउखुरी), नेपाल

पत्र संख्या : २०८२/०८३
चलानी नम्बर:

## सामाजिक विकास मन्त्रालय, लुम्बिनी प्रदेशको प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति- २०८२/१०/२२

लुम्बिनी प्रदेश सरकार, सामाजिक विकास मन्त्रालय, लुम्बिनी प्रदेशको आर्थिक बर्ष २०८२/०८३ को बार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत संघ सशर्त अनुदान तर्फको **राष्ट्रिय महिला सशक्तीकरण परियोजना कार्यक्रम** कार्यान्वयन गर्नको लागि **महिला उद्यमी तथा उद्यमी समूहलाई उद्यमशीलता प्रवर्द्धनका लागि प्रविधि सहयोग कार्यक्रम संचालन कार्यविधि,** २०८२ बमोजिम रीतपूर्वक यस मन्त्रालयमा तपसिल बमोजिमका कागजातहरु सहित निवेदन पेश गर्नुहुन सम्बन्धित सबैको लागि यो सूचना प्रकाशित गरिएको छ । थप जानकारीका लागि यस मन्त्रालयको website : mosd.lumbini.gov.np मा हेर्नुहुन अनुरोध गरिन्छ ।

तपसिलः

१. कार्यक्रमको नामः **राष्ट्रिय महिला सशक्तीकरण परियोजना कार्यक्रम**

२. प्रस्ताव पेश गर्ने निकायः महिला उद्यमी तथा उद्यमी समूहले सम्वन्धित स्थानीय तहमा पेश गर्ने र स्थानीय तहले महिला उद्यमी तथा उद्यमी समूहले पेश गरेका कागजातहरु सहित सामाजिक विकास मन्त्रालय, लुम्बिनी प्रदेशमा सिफारिस गर्ने ।

३. महिला उद्यमी/उद्यमी समूहले स्थानीय तहमा पेश गर्नुपर्ने कागजातहरुः

क. उल्लेखित कार्यविधिको अनुसूची १ बमोजिमको ढाँचामा निवेदन,

ख. उद्योग व्यावसाय दर्ता प्रमाणपत्र र नविकरणको प्रतिलिपी,

ग. स्थायी लेखा नम्बर दर्ताको प्रमाणपत्र,

घ. कर चुक्ताको प्रमाणपत्र,

ङ. व्यावसायिक योजना,

च. प्रविधिको क्षमता सहितको विवरण, (आवश्यक पर्ने प्रविधि, स्पेसिफिकेशन र सोको अनुमानित बजार मूल्य समेत खुलाउने)

छ. यस अघि प्रदेश वा स्थानीय तहबाट प्रविधि सहयोग अनुदान प्राप्त गरेको छैन भन्ने महिला उद्यमी/महिला उद्यमी समूहको स्व-घोषणा पत्र ।

४. स्थानीय तहले लक्षित समूह छनौट गर्ने आधारहरुः उल्लेखित कार्यविधिको दफा ५ मा उल्लेखित आधारहरु

५. स्थानीय तहले सम्बन्धित प्रदेशमा सिफारिस गर्दा लिनुपर्ने आधारहरुः- उल्लेखित कार्यविधिको दफा ७ मा व्यवस्था भएका आधारहरु

६. महिला उद्यमी/उद्यमी समूहले स्थानीय तहमा निवेदन दिने समयः- यो सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र । उक्त दिन सार्वजनिक विदा पर्न गएमा सोको भोलिपल्ट कार्यालय समयभित्र।

७. स्थानीय तहले सूचनाको म्याद समाप्त भएको मितिले पन्ध्र दिन भित्रमा एक जना महिला उद्यमी र एक महिला उद्यमी समूह छनौट गरी सामाजिक विकास मन्त्रालय, लुम्बिनी प्रदेशमा सिफारिस गर्ने।

८. उपलब्ध गराइने प्रविधि सहयोग अनुदान रकमः उल्लेखित कार्यविधिको दफा ४ को उपदफा ५ मा उल्लेख भए बमोजिम हुने ।

(सम्झना सुवेदी)
वरिष्ठ महिला विकास अधिकृत